# माधव घिमिरेका बाल कविताका प्रवृत्ति

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली विषयमा विद्यावारिधि (**पिएच्.डी.**)
**उपाधिका निमित्त प्रस्तुत**

## शोध प्रबन्ध

**शोधार्थी**

जयन्ती रूपाखेती (पौडेल)

२०७१

# शोध प्रबन्ध समितिको सिफारिस पत्र

श्री जयन्ती रूपाखेती (पौडेल) ले नेपाली विषयमा विद्यावारिधि उपाधिको निम्ति "माधव घिमिरेका बाल कविताका प्रवृत्ति" शीर्षकको शोधकार्य हाम्रा सुपरिवेक्षणमा गर्नुभएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएको र आन्तरिक मूल्याङ्कनका आधारमा यसलाई संशोधन पनि गरिसकिएको हुँदा यसको अन्तिम मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय समक्ष सिफारिस गर्दछौं ।

..................................
(प्रा.डा. महादेव अवस्थी)
शोध निर्देशक

................................
(प्रा.डा. जयराज पन्त)
शोधविशेषज्ञ)

मिति : २०७२/२/२१

# अनुमोदन पत्र

माधव घिमिरेका बाल कविताका प्रवृत्ति शीर्षकमा विद्यावारिधि (पिएच.डी.) शोधकार्य गर्ने शोधार्थी जयन्ती रूपाखेती (पौडेल)ले नेपाली विषयमा विद्यावारिधि उपाधिका लागि परिपूर्ति गर्नु पर्ने आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकामा अनुसन्धान समितिले उपर्युक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको कुरा प्रमाणित गरिन्छ ।

..........................................

(                                        )

डिन एवम् अध्यक्ष<br>
अनुसन्धान समिति<br>
मानविकी तथा सामाजिक शास्त्र सङ्काय<br>
त्रि.वि. कीर्तिपुर, काठमाडौं<br>
नेपाल

मिति :

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिन कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत माधव घिमिरेका बाल कविताका प्रवृत्ति शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोध निर्देशकका निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेकी छु र तीप्रति कृतज्ञ पनि छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यस अघि कहीँ पनि कुनै उपाधि अथवा अन्य प्रयोजनमा निम्ति प्रस्तुत गरेकी छैन । यस शोध प्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गरे गराएकी छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

.................................

शोधार्थी

जयन्ती रूपाखेती (पौडेल)

# कृतज्ञता ज्ञापन

मैले 'माधव घिमिरेका बाल कवितात्मक प्रवृत्ति' शीर्षकको प्रस्तुत शोध विद्यावारिधि प्रयोजनका लागि त्रिभुवन विश्वविद्यालयमा वि.सं. २०६३ मा दर्ता गराएकी हुँ । लगभग ८ वर्षको यस अवधिसम्म मलाई शोधकार्यका लागि प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्नु मेरो परम कर्तव्य ठान्दछु । त्यस क्रममा सर्वप्रथम यस शोधकार्यलाई मूर्त रूप प्रदान गर्नाका लागि जुनसुकै समयमा पनि उदार हृदयका साथ आवश्यक निर्देशन, सल्लाह, सुझाव र सत्प्रेरणा प्रदान गर्दै आउनु भएका शोधनिर्देशक परम श्रद्धेय गुरु प्रा.डा. महादेव अवस्थीज्यूप्रति म हृदयतः कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोध विशेषज्ञका रूपमा रही अमूल्य सुझाव, परामर्श र आवश्यक सम्पूर्ण किसिमको सहयोगका साथ प्रस्तुत शोधकार्यलाई सार्थकतातर्फ डोऱ्याउन भूमिका खेल्ने श्रद्धेय गुरु प्रा.डा. जयराज पन्तज्यूप्रति पनि म विनम्रतापूर्वक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शोधकार्यका लागि आफ्नो वयोवृद्ध अवस्थामा पनि स्नेहपूर्वक यथासमयमा भेट दिई आवश्यक सल्लाह, सुझाव र मार्ग निर्देशन दिई सहयोग गर्नुहुने श्रद्धेय शोधनायक राष्ट्रकवि माधव घिमिरेज्यू र उहाँका परिवारजनमा पनि म सश्रद्धा हृदयदेखि नै विनम्रतापूर्वक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यको पूर्णताका लागि आवश्यक सल्लाह, सुझाव र पुस्तकहरू समेत उपलब्ध गराई सहयोग गर्नुहुने श्रद्धेय गुरु डा. शैलेन्दुप्रकाश नेपालप्रति पनि हृदयदेखि नै आभार प्रकट गर्नु मेरो परम कर्तव्य ठान्दछु । यसैगरी राष्ट्रकवि माधव घिमिरेज्यूसँगको भेटमा सहभागी भई यस शोधकार्यलाई सार्थक तुल्याउन सक्रिय भूमिका निर्वाह गर्नुहुने श्रद्धेय गुरु श्री प्रयागराज वाशिष्ठज्यूप्रति पनि म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यका क्रममा सहयोग गर्नुहुने **दायित्व** पत्रिकाका प्रधान सम्पादक श्री रामप्रसाद पन्तज्यूप्रति पनि म हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु । यस शोधकार्यको सार्थकताको सिलसिलामा आवश्यक पुस्तक उपलब्ध गराई सहयोग गरिदिनुहुने परम श्रद्धेय गुरु भानुभक्त पोखरेल (हाल स्वर्गीय) प्रति पनि हृदयदेखि नै श्रद्धाभाव प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोधकार्यको सिलसिलामा आफूसँग भएको आवश्यक पुस्तक उपलब्ध गराई सहयोग गरिदिनुहुने सहयोगी मित्र डा. लेखप्रसाद निरौलाज्यूप्रति पनि म कृतज्ञता

ज्ञापन गर्दछु । यस शोध कार्यका लागि आवश्यक पर्ने बाल साहित्यिक कृति उपलब्ध गराई सहयोग गर्नुहुने बाल साहित्यकार रमेश विकल (हाल स्वर्गीय) प्रति पनि आभार व्यक्त गर्दछु । यसैगरी बाल साहित्य समाजबाट प्रकाशित बालसाहित्य पत्रिका उपलब्ध गराएर सहयोग गरिदिनुहुने श्रद्धेय मेडम शारदा अधिकारी (हाल स्वर्गीय) प्रति पनि म कृतज्ञ छु ।

प्रस्तुत शोधकार्यका लागि आवश्यक पुस्तक, शोधग्रन्थ, पत्रपत्रिका, अप्रकाशित शोधप्रबन्ध लगायतका सम्पूर्ण शोध सामग्रीहरू उपलब्ध गराउने त्रि.वि. पुस्तकालय, कीर्तिपुर, मदन पुरस्कार पुस्तकालय, ललितपुर, बाल साहित्य समाज, एकता प्रकाशन, थापाथली, बाल- साहित्य प्रवर्द्धन केन्द्र, पाटनप्रति पनि म कृतज्ञता ज्ञापन गर्दछु । यस शोध कार्यका लागि आवश्यक पुस्तक खरिद गर्न केही आर्थिक सहयोग प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोगप्रति पनि म कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यको पूर्णताका लागि निरन्तर अभिप्रेरित गर्दै व्यावहारिक कार्य र लेखन कार्यमा समेत मदत पुऱ्याउनु हुने जीवन साथी श्रीमान् राजु पौडेलज्यू र हरबखत घरायसी व्यवहारमा सहयोग पुऱ्याएर मलाई शोधकार्य गर्ने वातावरण मिलाइदिने र शोधनायकज्यूसँगको अन्तर्वार्ताका क्रममा सहयोग गरी मदत गर्ने स्नेहशीला छोरी दीप्ति पौडेल र छोरा दीपेश पौडेल लगायतलाई म हृदयदेखि नै धन्यवाद दिन्छु । त्यसै गरी शोधकार्यकै सिलसिलामा प्रेरणादायी सुझाव दिएर अघि बढ्न प्रेरित गर्नु हुने कान्छो बुबा लक्ष्मणप्रसाद रूपाखेती र भाइ वसन्त रूपाखेतीप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

**जयन्ती रूपाखेती (पौडेल)**

# शोधसार

## १.	विषय परिचय

माधव घिमिरे आधुनिक नेपाली साहित्यका कविता, गीति नाटक र निबन्धजस्ता विधाहरूमा उल्लेखनीय योगदान गर्ने बहुमुखी प्रतिभा हुन् । उनले आफ्नो कवितायात्रा (वि.सं. १९९२-हालसम्म) का क्रममा निरन्तर रूपमा बाल कविताको पनि सिर्जना एवम् प्रकाशन गर्दै आएको पाइन्छ र उनका त्यस्ता बाल कविताका यी चारवटा सङ्ग्रह पनि प्रकाशमा आएका छन् : **घामपानी** (२०१०), **बाललहरी** (२०२५) र **सुनपङ्खी चरी** (२०५३) र **बिजुले र बिजुला** (२०६३)। यीदेखि बाहेक फुटकर रूपमा पनि उनका बाल कविताहरू प्रकाशित छन् । उपर्युक्त बालकविता सङ्ग्रहका साथै फुटकर रूपमा प्रकाशित उनका बाल कविताहरूको विश्लेषण गरी र परिपार्श्वगत रूपमा उनले आफ्ना रचनाहरूमा व्यक्त गरेका बालकसम्बन्धी धारणाहरू समेतका बारेमा दृष्टि पुऱ्याई उनका बाल कवितात्मक प्रवृत्तिको निर्क्योल गर्नु प्रस्तुत शोध कार्यको मुख्य विषयवस्तुगत घेरो रहेको छ ।

## २.	शोध समस्या

प्रस्तुत शोध कार्यको मुख्य प्राज्ञिक समस्या माधव घिमिरेको बाल कवितात्मक सृजनशीलता हो । उनल रचेका बाल कविताहरूलाई अनेक दृष्टिले अध्ययन गर्न सकिने र उनले नेपाली बाल कविताका परम्परामा पुऱ्याएको योगदानका बारेमा पनि विश्लेषणात्मक अध्ययन गर्न सकिने अवस्था रहेकै सन्दर्भमा प्रस्तुत शोधमा चाहिँ धारागत दृष्टिले र बाल कवितात्मक तत्वका दृष्टिले उनका बाल कवितामा के कस्ता प्रवृत्ति दृष्टिगत हुन्छन् भन्ने जिज्ञासालाई नै मुख्य शोध समस्याका रूपमा लिइएको छ । यस मुख्य शोध समस्याको समाधानमा पुग्नका निम्ति तलका शोध प्रश्नहरूसँग सम्बद्ध सामग्रीको विश्लेषण गरिएको छ :

क)	माधव घिमिरेका जीवनयात्रा र कवितायात्रासँग उनको बाल कविताको सिर्जनात्मक सम्बन्ध के कसरी जोडिएको छ ?

ख)	माधव घिमिरेको साहित्यिक कृतिहरूमा बालक सम्बन्धी के कस्ता धारणा व्यक्त भएका छन् ?

ग)	माधव घिमिरेका बाल कवितामा के कस्ता धारागत र तŒवगत प्रवृत्तिहरू देखा पर्दछन् ?

## ३. शोधको उद्देश्य

प्रस्तुत शोधका मुख्य उद्देश्य यस प्रकार छन् :

क) माधव घिमिरेका जीवनयात्रा र कवितायात्रासँग उनको बाल कवितात्मक सिर्जनशीलताको सम्बन्धको विश्लेषण गर्नु ।

ख) माधव घिमिरेको साहित्यिक कृतिमा व्यक्त बालक सम्बन्धी धारणाको अध्ययन गर्नु ।

ग) माधव घिमिरेका बाल कवितात्मक धारागत एवं तŒवगत प्रवृत्तिहरूको निर्क्योल गर्नु ।

## ४. शोध विधि

प्रस्तुत शोधका क्रममा उपयोग गरिएका सामग्री सङ्कलन विधि र सैद्धान्तिक आधार तथा विश्लेषणको ढाँचा जस्ता दुई प्रकारका विधिको चिनारी दिनु आवश्यक हुने हुँदा तिनको परिचय तलका उपशीर्षकमा क्रमशः दिइएको छ :

### ४.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधका निम्ति आवश्यक सामग्री सङ्कलन पुस्तकालयीय अध्ययनको आधारमा गरिएको छ । यस शोधका समस्यासँग सम्बन्धित विश्लेषण गर्नुपर्ने मुख्य सामग्री माधव घिमिरेले रचेका सम्पूर्ण बाल कविताहरू हुन् । त्यसैले माधव घिमिरेले रचेका **घामपानी** (२०१०), **बालालहरी** (२०२५), **सुनपङ्खी चरी** (२०५३) र **बिजुले र बिजुला** (२०६३) जस्ता चार वटा बाल कवितासङ्ग्रहमा सङ्कलित बालकविताका साथै उनका **बालमेला** (२०५८) र **चैत वैशाख** कविता सङ्ग्रहमा प्रकाशित बाल कविताको समेत सूक्ष्म अध्ययन गरी प्रस्तुत शोधका समस्याको प्राज्ञिक समाधान पुग्नका निम्ति आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । यस शोधको मुख्य समस्या माधव घिमिरेका बाल कवितात्मक प्रवृत्तिको निर्क्यौल गर्न स्वच्छन्दतावादी कविताधारा र बाल कवितात्मक तत्वहरूको आधार लिइएको हुँदा सोही अनुरूपको सामग्रीको सङ्कलन प्रस्तुत शोधमा गरिएको छ । त्यस क्रममा माधव घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा गरिएको अध्ययनमा आधारित पुस्तक, लेख, शोधपत्र आदिबाट र माधव घिमिरे स्वयम्ले दिएका अन्तर्वार्ताबाट पनि यस शोधका निम्ति आवश्यक कतिपय सामग्रीको सङ्कलन गरिएको छ ।

## ४.२ सैद्धान्तिक आधार र विश्लेषण ढाँचा

### सैद्धान्तिक आधार

प्रस्तुत शोधमा मुख्य विषय माधव घिमिरेका बाल कवितात्मक प्रवृत्तिको अध्ययनका निम्ति प्रयोग गरिएको सैद्धान्तिक आधार बाल कवितासँग नै सम्बन्धित छ । बाल कविता भनेको बाल साहित्यको एउटा पाटो हो वा प्रकार हो । बाल साहित्य भन्नाले बालकहरूलाई लक्षित गरी वा प्रयोजन बनाई रचिएको साहित्य भन्ने बुझिन्छ भने बाल कविता भन्नाले चाहिँ त्यसै बाल साहित्यको बाल प्रयोजनमूलक लयबद्ध भाषिक अभिव्यक्तिगत एक प्रकार बुझिन्छ । अर्को किसिमले भन्ने हो भने जीवनजगत्सित सम्बन्धित कुनै खास विषय, विचार वा भावनालाई बालोपयोगी भाषाशैलीको प्रयोगद्वारा लयबद्ध रूपमा बालोपयोगी विम्ब, अलङ्कारको प्रयोग गरी रम्य र आकर्षक अभिव्यक्तिका रूपमा रचना गरिएको भाषिक वस्तु नै बाल कविता हो । बाल कविता बालकै सरह भएर लेखिएको हुन्छ । बाल कवितामा कथ्य भावलाई झल्काउने खालको चित्राङ्कन पनि भयो भने त्यो रचना बालकहरूका निम्ति बोध्य एवं आकर्षक समेत बन्दछ । यसमा बालकले प्रयोग गर्ने बालभाषाको प्रयोग अपेक्षित हुन्छ र नयाँ-नयाँ शब्दको  संयोजन बढी गरिनु हुँदैन अनि एउटै शब्द बारम्बार पुनरावृत्ति हुने गर्दछ, किनभने बालकहरूले एकैचोटि धेरै नयाँशब्दहरू ग्रहण गर्न सक्तैनन् । प्रस्तुत शोधमा पनि सैद्धान्तिक रूपमा बाल कविता भन्नाले यही कुरा बुझिएको छ ।

### विश्लेषणको ढाँचा

बाल कविताको विश्लेषण गर्दा अवलम्बन गर्नुपर्ने आधारहरू विभिन्न हुन सक्तछन् तापनि बालकविता पनि बालकहरूका लागि लेखिएको कविता नै हुने हुँदा कविता विश्लेषणकै आधारको प्रयोग गरेर बाल कविताको पनि अध्ययन गर्न सकिन्छ । वास्तवमा बाल कविताका लक्षण पनि बाल प्रयोजनमूलकता बाहेक अरू सबै कविताका आधारभूत लक्षण अनुरूप नै हुन्छन् भन्ने कुरो स्मरणीय छ । त्यसैले कविताको विश्लेषणका क्रममा जुन कविता धारा र कविताका विधागत तŒवको आधार लिने गरिन्छ, तिनै आधारलाई बाल कविताको अध्ययनका निम्ति अनुकूलित तुल्याई यस शोधमा प्रयोग गरिएको छ । कविताका धारा  भन्नाले विश्वका विभिन्न भाषाका कविताको इतिहासमा आन्दोलनकै रूपमा स्थापित भई आएका परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रगतिवादी धारा जस्ता विभिन्न धारालाई बुझ्ने गरिन्छ र नेपालीमा यस्ता साहित्यिक धाराको सैद्धान्तिक

अध्ययन वासुदेव त्रिपाठी (२०६५ ख) ले गरेका छन् । त्यसैगरी कविताका विधागत तŒ्वबारे त्रिपाठी (२०६५,क पृ. १६-२२), पाण्डेय (२०५६, ४९-६८) आदिले गहन अध्ययन गरेका छन् । बाल कविताका तŒ्वबारे अवस्थी (२०६५) ले गरेको अध्ययन उल्लेखनीय छ भने घिमिरे (२०७१) ले लक्ष्मीप्रसाद देवकोटाका बालकविताको विश्लेषणका निम्ति प्रयोग गरेको बाल कवितात्मक विधाताŒ्वक आधार पनि महŒ्वपूर्ण नै छ । यिनै पूर्व अध्ययनमा कविताका विधागत तत्वबारे गरिएका अध्ययनलाई संयोजित गरी यहाँ माधव घिमिरेका बालकविताको विश्लेषण गर्ने र उनका बाल कवितात्मक धारा एवम् प्रवृत्ति पहिल्याउने प्रयोजनका निम्ति केही आधारहरू तयार पारिएका छन् । प्रस्तुत शोधमा माधव घिमिरेका बाल कवितात्मक प्रवृत्तिहरूको निर्क्यौल गर्नाका निम्ति उनले रचेका सम्पूर्ण बाल कविताहरूको विश्लेषण गर्दा यी आधारहरूको प्रयोग गरिएको छ :

१) धारागत आधार

२) विषयवस्तुगत आधार

३) उक्ति संरचनागत आधार

४) लयढाँचागत आधार

५) भाषाशैलीगत आधार

६) उमेर समूहगत आधार

७) अलङ्कार प्रयोगगत आधार

प्रस्तुत शोधमा माधव घिमिरेका बाल कविताको विश्लेषणका निम्ति उपयोग गरिएका यी आधारहरू बारे यस शोध प्रबन्धका पहिलो अध्यायको १.५.२ सैद्धान्तिक आधार र विश्लेषण ढाँचा उपशीर्षक अन्तर्गत प्रस्ट पारिएको छ ।

## ५. सीमाङ्कन

प्रस्तुत शोधको मुख्य विषय **माधव घिमिरेको बाल कविताका प्रवृत्ति** हो र सो विषयको अध्ययन गर्ने क्रममा यस शोधमा स्वच्छन्दतावादी कविता धारा र बालकवितात्मक तत्त्वका आधारमा मात्र उनका सम्पूर्ण बालकविताहरूको अध्ययन गरिएको छ । उनका बालकाविताको विश्लेषण गर्दा आवश्यकताअनुसार स्वच्छन्दातावादी भावधाराका साथै बालकविताका विषयवस्तु, उक्तिढाँचा, लयढाँचा, अलङ्कार, भाषाशैली जस्ता तत्त्वहरूको

आधार लिई उनका बालकविताहरूको विश्लेषण गरिएको छ। त्यसैले बालकविताका तत्त्वका दृष्टिले र स्वच्छन्दतावादी धाराका दृष्टिले मात्र उनका बालकवितालाई विश्लेषण गरी उनका बालकवितात्मक प्रवृत्तिको निर्क्यौल गर्नु यस शोधको सीमा हो। उनका बालकवितात्मक सिर्जन पक्षको पृष्ठभूमिका रूपमा उनका साहित्यिक अभिव्यक्तिमा उनी आफैले बालकका सम्बन्धमा व्यक्त गरेका धारणा बारे पनि सान्दर्भिक रूपमा यस शोधमा अध्ययन गरिएको छ।

## ६. निष्कर्ष

**माधव घिमिरेका बालकविताका प्रवृत्ति** शीर्षकको प्रस्तुत अध्ययनबाट निम्न अनुसारको निष्कर्ष प्राप्त भएको छः

- माधव घिमिरेका जीवनयात्रा र कविता यात्रासँग उनको बाल कविताको सिर्जनात्मक सह सम्बन्ध छ। उनको जीवनयात्राकै अभिन्न अङ्ग उनको सिर्जन यात्रा हो। उनले आफ्नो जीवन यात्रामा कविता, गीत, खण्डकाव्य, गीतिनाटक, कथा, निबन्ध जस्ता विभिन्न प्रकारका साहित्यिक कृति रच्नुका साथै बाल कविताको पनि रचना गरेका छन्। उनका अन्य साहित्यिक कृतिहरू जति महत्त्वपूर्ण छन् बाल कविता पनि त्यति नै महत्त्वपूर्ण छन्।
- माधव घिमिरेले आफ्ना फुटकर कविता, गीत, खण्डकाव्य, गीतिनाटक, कथा, निबन्धमा बालक सम्बन्धी धारणा अभिव्यक्त गर्ने क्रममा बालकलाई बुझाउन 'शिशु', 'बालिका', 'नानी', 'बालक', 'केटा' शब्दको प्रयोग गरेका छन्। उनले बालकसम्बन्धी धारणाको अभिव्यक्ति दिने क्रममा बालकलाई 'आँखाको नानीजस्ता प्यारा', 'जूनजस्ता उज्याला', 'फूलजस्ता हाँसिरहने', 'भगवान्का घरबाट ल्याइएका देवकुमार' आदि उपनाम दिएका छन्। उनको बालकसम्बन्धी यी धारणासँग उनको बाल कविताको पनि सह सम्बन्ध देखिन्छ। उनका बाल कवितामा पनि बालकलाई 'सुकुमार', 'कोमल', 'जूनकीरीजस्ता उज्याला', 'सयपत्री फूलजस्ता राम्रा', 'जून घाम जस्ता चम्किला' मानिएको छ। घिमिरेको यस दृष्टिकोण अनुसार बाल्यकाल सुखी र आनन्दित हुन्छ बालकहरू ईश्वरका स्वरूप हुन्, बालक निश्चल र निष्कपट हुन्छन्। यसैगरी उनका विचारमा संसारको सबभन्दा सुन्दर क्षण भनेको खेलमा मग्न शिशु अवस्था हो र बालकका लागि सबभन्दा प्यारो वस्तु भनेको खेल हो। उसले

आफ्नो खेलमा प्रकृति पनि आफूसँगै खेलिरहेको ठान्दछ । उनका दृष्टिमा बालक र प्रकृतिबिच गहिरो सम्बन्ध रहेको हुन्छ । यी सबै कुराका सन्दर्भमा उनी बालकलाई महŒ्व दिएर बालभाव र बालभाषामा बाल कविताको रचना गर्ने साहित्य स्रष्टा हुन् भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैले उनले बालोपयोगी र बालकको मनोभावना बुझेर आफै बालक बनेर, बालक जस्तो बनेर र आमा जस्तो बनेर पनि बाल कविताको रचना गरेको देखिन्छ ।

○ माधव घिमिरेका चारवटा बाल कविता सङ्ग्रह (**घामपानी**, **बालालहरी**, **सुनपङ्खी चरी**, **बिजुले र बिजुला**) र फुटकर रूपमा प्रकाशित **'राहुल यशोधरा'** बालकाव्य र बाललीला (२०५७) मा प्रकाशित 'कान्छी औंलाले' र 'बाललीला' गरी जम्मा ११७ वटा कविताका अध्ययनबाट उनका बाल कवितात्मक मुख्य प्रवृत्ति यस प्रकार निर्धारित हुन आएका छन् :

(क) उत्प्रेरणा स्रोतका दृष्टिले लोक बाल गीतका साथ साथै लिखित बाल कविताका पूर्व परम्पराबाट प्रेरित भई बाल कविताको रचना गर्नु उनको मुख्य प्रवृत्ति हो । उनले बाल कविता लेख्नका निम्ति आफूले बालक कालमा सुनेका बाल लोकगीतबाट, आफ्नै बालक जीवनको रमणीय स्मृतिबाट आफ्नै जन्मथलो पुस्तुनको पहाडी प्राकृतिक परिवेश एवं ग्रामीण संस्कृतिबाट, आफूले पढाएका बालक विद्यार्थीको व्यवहार एवं मनोभावबाट आफ्नै छोरा छोरी र नाति नातिना खेलाउँदा आर्जेको अनुभवबाट अनि नेपाली, हिन्दी र बङ्गला साहित्यका अग्रज स्रष्टाका बाल कविताका पठन तथा आस्वादनबाट बालकविता लेख्ने प्रेरणा प्राप्त गरेको देखिन्छ ।

(ख) स्वच्छन्दतावादी धाराका दृष्टिले माधव घिमिरेका बाल कवितामा प्रकृतिप्रेम, प्रकृति र मानवबिच तादात्म्य, प्रकृतिको मानवीकरण, गहिरो राष्ट्रप्रेम, विश्वबन्धुत्वको भावना जस्ता प्रवृत्ति पाइन्छन् । आत्मवादी रहस्यवादी दृष्टि र प्रकृति सौन्दर्यतर्फको संवेद्य आकर्षणका साथै स्वतन्त्रता, समानता एवं भातृत्वमा आधारित मानवतावादी सामाजिक दृष्टि तथा विश्वबन्धुत्व, देशभक्ति, समाज सुधार, सांस्कृतिक रूपान्तरणको प्रगतिशील चेतना, मानव समाजका लोक संस्कृति र अतीतकालीन सभ्यताप्रतिको आकर्षण, बाल्यजीवनप्रतिको प्रेम, श्रमिकका जीवनप्रतिको सहानुभूतिशीलता, प्रकृतिनिकट ग्रामीण जीवनप्रतिको प्रेम र समसामयिक युगबोध जस्ता स्वच्छन्दतावादी प्रवृत्ति उनका बालकवितामा भेटिन्छन् ।

(ग) विषयवस्तुका दृष्टिले माधव घिमिरेका बाल कवितामा प्रकृति, समाज, राष्ट्रियता, विश्ववन्धुत्वको भावना जस्ता विविध विषयको अभिव्यक्ति पाइन्छ । उनका बालकविता प्रकृतिका वनस्पति ज कीटपतङ्गका साथै मानिसका दैनिक व्यवहारमा प्रयोग हुने ढिकी जाँतो र टेलिफोनसम्मलाई विषयवस्तु बनाएर रचिएका छन् । बालकको खेलसँग सम्बन्धित र प्रकृतिमा आउने विपत्ति ‘भुइँचालो’, ‘अनिकाल’ आदिलाई पनि विषयवस्तु बनाएर उनले बाल कविता रचेका छन् । खासगरी प्रकृति, संस्कृति, समाज, इतिहास, धर्म आदिका साथै प्राचीन् जीवनशैली र आधुनिक जीवनशैलीका विभिन्न पक्षलाई उनले बालकलाई मनोरञ्जन दिने र शिक्षा दिने ध्येय लिई आफ्ना बाल कवितामा चित्रण गरेको पाइन्छ ।

(घ) उक्ति ढाँचागत वैचिœयका दृष्टिले माधव घिमिरेका बाल कवितामा कवि उक्ति र पात्रोक्तिको प्रयोग गरिएको छ । उनका ‘घामपानी’, ‘भोटेसेलो’, ‘कमिला रानी’ जस्ता कवितामा कवि उक्तिको प्रयोग पाइन्छ भने ‘ढिकी जाँताको सवाइ, ‘म के हुँ’ ‘भँगेरा र भँगेरी’ मै मिरिमिच्चे म्याँ म्याँ ब्रुक’ ‘चिप्लेकीरो’ जस्ता बाल कवितामा पात्रोक्तिको प्रयोग पाइन्छ । बालकहरूको चित्ताकर्षक हुने गरी उक्तिका विभिन्न ढाँचाहरूको विचित्रतापूर्वक प्रयोग गर्नु र खास गरी बालकका तर्फबाट गरिएको उक्तिमा भावात्मक वर्णनका साथै आफैँ प्रश्न गर्ने र आफैँ उत्तर दिने प्रश्नोत्तरात्मक एवं संवादात्मक उक्ति शैलीको पनि बालोपयोगी रूपमा उपयोग गर्ने विशेष कौशल उनले देखाएका छन् ।

समग्रमा भन्नुपर्दा प्रस्तुत शोधमा माधव घिमिरेका बाल कवितात्मक प्रवृत्तिका सन्दर्भमा गरिएको अध्ययन नयाँ तथा मौलिक हो र यस अध्ययनबाट उनका बाल कवितात्मक प्रवृत्तिका सम्बन्धमा नवीन रूपमा प्रकाश पर्न गएको छ । उनी नेपाली साहित्यमा मूलतः स्वच्छन्दतावादी धाराका त्यस्ता स्रष्टा ठहर्दछन् जो एउटा सानो शकल र सरल कृतिमा स्वस्थ किसिमको संसार सिर्जिदिने कुशलता देखाउँछन् । नेपाली बाल कविताको परम्परामा पनि उनी स्वच्छन्दतावादी धाराका आत्मपरक अनुभूतिलाई बाल संवेद्य किसिमले छोटो, छरितो, सजिलो र रसिलो लयबद्ध भाषामा व्यक्त गर्ने कविका रूपमा देखा पर्दछन् । नेपाली कविताको उनी भन्दा अघिको परम्परामा जहाँ लेखनाथ पौड्यालले अर्ती उपदेशमूलक र शैक्षिक प्रयोजनपरक बाल कविता लेखेको देखिन्छ, त्यही लक्ष्मीप्रसाद देवकोटाले चाहिँ शैक्षिक प्रयोजनबाट मुक्त स्वच्छन्दतावादी उच्च कल्पनाशीलताले र

मनोगत वा आत्मगत सूक्ष्म संवेदनाले ओतप्रोत बाल प्रयोजन मूलक र खास गरी किशोर बोध्य बाल कविताहरूको रचना गरेको देखिन्छ । नेपाली बाल कविताको परम्परामा यी दुई अग्रज स्रष्टाहरूका दाँजोमा माधव घिमिरेका बालकवितात्मक प्रवृत्तिहरूलाई हेर्दा देखा पर्न आउने उनको नवीन प्रवृत्ति हो- लेखनाथीय अर्ती उपदेशको प्रधानता भन्दा बाल मनोरञ्जनको प्रधानता वर्णन गर्नु र देवकोटेली किशोर बोध्य उच्च कल्पनाशीलताको दाँजोमा बालकीय स्वाभाविक र सरल तर विचित्र कल्पनाशीलता देखाउनु । वास्तवमा जहाँ माधव घिमिरेका बाल कवितामा नजानिदो पाराले वा मनोरञ्जनका माध्यमद्वारा नै केही शिक्षा र सन्देश पनि दिने प्रवृत्ति पाइन्छ । त्यही उनका बालकवितामा कुनै पनि वस्तु वा विषयबारे बालकले नै गर्न सक्ने खालको कल्पनाको सरल र विचित्रतापूर्ण चित्रण पनि भेटिन्छ । उनले ज्यादा जसो बालहृदयलाई स्पर्श गर्ने र बालकका निम्ति भाका हाली हाली गाउन मिल्ने नेपाली लोकलय ढाँचाको प्रयोग गरेका छन् । उनका घामपानी, बालालहरी, सुनपङ्खी चरी र बिजुले र बिजुला बाल कविता सङ्ग्रहका बाल कवितामा बालकको बढ्दो उमेर अनुरूप उत्तरोत्तर उमेरका बालकको बोध्य क्षमता प्रतिको सचेतता पनि झल्किन्छ र ती बाल कविता सङ्ग्रहमा रहेका बाल कविताहरू सरलताबाट क्रमशः जटिलता तर्फ विकसित हुँदै गएका देखिन्छन् । यसरी मनोरञ्जनको प्रधानता, अर्ती उपदेशको गौणता, बालोचित विचित्र कल्पनाशीलता, बालहृदय निकट लोक गीति ढाँचाको प्रयोगका साथै बाल ग्राहय भाषिक प्रयोग र बालोक्ति तुल्य प्रतीत हुने रमणीय वर्णनात्मक प्रस्तुतिशैली माधव घिमिरेका निजी बाल कवितात्मक प्रवृत्ति हुन् । निष्कर्षमा भन्दा माधव घिमिरेका बालकविता स्वच्छन्दतावादी भावधारा अनुरूप प्रकृतिकेन्द्री, देशभक्तिपूर्ण रहस्यवादी, मानवतावादी समाज चेतनाका साथै समाज सुधार एवं चेतनाले समेत ओत प्रोत देखिन्छन् र ती बालकोचित रूपमा रचिएका छन् ।

# विषयसूची

पृष्ठ


शोध प्रबन्ध समितिको सिफारिस पत्र

अनुमोदन पत्र

प्रतिबद्धता

कृतज्ञता ज्ञापन

शोधसार


## परिच्छेद : एक

## शोध परिचय


१.१ विषय परिचय १

१.२ शोध समस्या २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधको औचित्य १६

१.६ शोधविधि १७

१.६.१ सामग्री सङ्कलन विधि १७

१.६.२ सैद्धान्तिक आधार र विश्लेषणको ढा“ चा १८

१.६.२.१ सैद्धान्तिक आधार १८

१.६.२.२ विश्लेषणको ढा“ चा २२

१.७ सीमाङ्कन २६

१.८ शोध प्रबन्धको रूपरेखा २७


## परिच्छेद : दुई

## माधव घिमिरेको जीवनयात्रा, कवितायात्रा र बाल कवितायात्राको सहसम्बन्ध


२.१ माधव घिमिरेको जीवनयात्रा २९

२.१.१ पहिलो दशक (वि.सं. १९७६-१९८५) को अध्ययन ३०

२.१.२ दोस्रो दशक (वि.सं. १९८६-१९९५) को अध्ययन ३१

२.१.३ तेस्रो दशक वि.सं. (१९९६-२००५) को अध्ययन ३२

२.१.४ चौथो दशक वि.सं. (२००६-२०१५) को अध्ययन ३३

२.१.५ पाचौ“ दशक वि.सं. (२०१६-२०२५) को अध्ययन ३४

२.१.६ छैटौ“ दशक (२०२६-२०३५) को अध्ययन ३४
२.१.७ सातौ“ दशक (२०३६-२०४५) को अध्ययन ३६
२.१.८ आठौ“ दशक (वि.सं. २०४६-२०५५) को अध्ययन ३६
२.१.९ नवौ“ दशक (वि.सं. २०५६-२०६५) को अध्ययन ३७
२.१.१० दसौ“ दशक (वि.सं. २०६६ देखि यता) को अध्ययन ३८
२.२ माधव घिमिरेको कवितायात्राको चरण विभाजन ३९
२.२.१ प्रथम चरण ४३
२.२.२ द्वितीय चरण ४४
२.३ माधव घिमिरेको बाल कवितायात्राको चरण विभाजन ४५
२.३.१ पूर्वार्द्ध चरण (वि.सं १९९२-२०२९) ४६
२.३.२ उत्तरार्ध चरण (वि.सं. २०३०-हालसम्म) ४९
२.४ निष्कर्ष ५२

**परिच्छेद : तिन**

## माधव घिमिरेका साहित्यिक कृतिमा बालक सम्बन्धी धारणा

३.१ फुटकर कवितामा विषयका रूपमा बालक ५४
३.२ बालकलाई विषय बनाइएका गीतहरू ५७
३.३ गीति नाटकमा विषयका रूपमा बालक ६०
३.४ खण्डकाव्यमा विषयका रूपमा बालक ६४
३.४.१ 'पापिनी आमा' खण्डकाव्यमा बालक ६४
३.४.२ 'गौरी' खण्डकाव्यमा बालक ६६
३.४.३ 'राजेश्वरी' खण्डकाव्यमा बालक ६८
३.५ कथामा विषयका रूपमा बालक ६९
३.६ बालकलाई विषय बनाएर रचिएका बाल कविताहरू ७२
३.७ अलङ्कारको रूपमा बालक ७८
३.८ बालकसम्बन्धी धारणाको अभिव्यक्ति ८०
३.८.१ 'किन्नर किन्नरी' गीत सङ्ग्रहमा बालकसम्बन्धी धारणा ८०
३.८.२ गीति नाटकमा अभिव्यक्त बालकसम्बन्धी धारणा ८०
३.८.३ फुटकर कवितामा अभिव्यक्त बालकसम्बन्धी धारणा ८२
३.८.४ खण्डकाव्यमा बालकसम्बन्धी धारणाा ८२
३.८.५ 'मनचिन्ते मुरली' कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा बालकसम्बन्धी धारणा ८४
३.८.६ निबन्ध सङ्ग्रहमा अभिव्यक्त बालकसम्बन्धी धारणा ८६
३.९ निष्कर्ष : घिमिरेका बालधारणा र बालकविताका बिचको सहसम्बन्ध ९९

## परिच्छेद : चार

# माधव घिमिरेका बाल कविताहरूको विश्लेषण


४.१ 'घामपानी' बाल कविता सङ्ग्रहका बाल कविताहरूको विश्लेषण १०१

४.१.१ 'घामपानी' बाल कविताको विश्लेषण १०३

४.१.२ 'घुन' बाल कविताको विश्लेषण १०५

४.१.३ 'भोटेसेलो' बाल कविताको विश्लेषण १०६

४.१.४ 'बाललहरी' बाल कविताको विश्लेषण १०८

४.१.५ 'पानी पर् पानी पर्' बाल कविताको विश्लेषण १११

४.१.६ 'ढिकी र जा" ताको सवाइ' बाल कविताको विश्लेषण ११२

४.१.७ 'गुलेली' बाल कविताको विश्लेषण ११५

४.१.८ 'बस बस माहुरी' बाल कविताको विश्लेषण ११६

४.१.९ 'कमिला-रानी' बाल कविताको विश्लेषण ११७

४.१.१० 'म के हू" ?' बाल कविताको विश्लेषण ११९

४.१.११ 'भकभके' बाल कविताको विश्लेषण १२१

४.१.१२ 'डोको' बाल कविताको विश्लेषण १२२

४.१.१३ 'हिमचुली' बाल कविताको विश्लेषण १२४

४.१.१४ 'नदी' बाल कविताको विश्लेषण १२६

४.१.१५ 'खेलौना' बाल कविताको विश्लेषण १२७

४.१.१६ 'ध्रुवको कथा' बाल कविताको विश्लेषण १३०

४.२ घामपानी बाल कविता सङ्ग्रह २०५८ को विश्लेषण १३३

४.२.१ 'तारा' बाल कविताको विश्लेषण १३४

४.२.२ 'भ" गेरा-भ" गेरी' बाल कविताको विश्लेषण १३५

४.२.३ 'मै मिरिमिच्चे म्या" म्या" ब्रुक' बाल कविताको विश्लेषण १३७

४.२.४ 'उठ् पूता ! दिउल पुग्यो' बाल कविताको विश्लेषण १३८

४.२.५ 'नर्कटको घोडा' बाल कविताको विश्लेषण १४०

४.२.६ 'यो घर कसको आलेको' बाल कविताको विश्लेषण १४२

४.२.७ 'पुतली' बाल कविताको विश्लेषण १४४

४.२.८ 'त्यस्तो हु" दा कस्तो' बाल कविताको विश्लेषण १४५

४.२.९ 'चिप्लेकीरो' बाल कविताको विश्लेषण १४७

४.२.१० 'राष्ट्रिय गीत' बाल कविताको विश्लेषण १४८

४.३ बाला-लहरी बाल कविता सङ्ग्रहका बाल कविताहरूको विश्लेषण १४९

४.३.१ 'बाला-लहरी' बाल कविताको विश्लेषण १५०

४.३.२ 'पुङ्भाङ् शीर्षक' बाल कविताको विश्लेषण १५२

४.३.३ 'थैया थैया' बाल कविता ड षण १५३

४.३.४ 'चिर्विर च्यान्टे' बाल क श्लेषण १५४

४.३.५ 'काली कुती ब्याइछ' बाल कविताको विश्लेषण १५६

४.३.६ 'पुतली खेल' बाल कविताको विश्लेषण १५८

४.३.७ 'सियो खोइ सियो !' बाल कविताको विश्लेषण १५९

४.३.८ 'गाउ" खाने गीत' बाल कविताको विश्लेषण १६०

४.३.९ 'बिजुली' बाल कविताको विश्लेषण १६२

४.३.१० 'शयपत्री' बाल कविताको विश्लेषण १६३

४.३.११ 'रडी' बाल कविताको विश्लेषण १६४

४.३.१२ 'हा-इ हाइ !' बाल कविताको विश्लेषण १६६

४.३.१३ 'छेपारोको आहान' बाल कविताको विश्लेषण १६७

४.३.१४ 'चकचके' बाल कविताको विश्लेषण १६८

४.३.१५ 'रिस' बाल कविताको विश्लेषण १६९

४.३.१६ 'नानी' बाल कविताको विश्लेषण १७१

४.३.१७ 'जूनकीरी' बाल कविताको विश्लेषण १७२

४.३.१८ 'आमा' बाल कविताको विश्लेषण १७४

४.३.१९ 'यति सानु नानी बोले कस्तो हुन्थ्यो' बाल कविताको विश्लेषण १७५

४.३.२० 'दगुर दगुर कुहिरा !' बाल कविताको विश्लेषण १७७

४.३.२१ 'कुती कुइ" या, कुइ" या' बाल कविताको विश्लेषण १७८

४.३.२२ 'हुइ" या, हुइ" या, हुइ" या !' बाल कविताको विश्लेषण १८०

४.३.२३ 'बाघको भान्जो बिरालो' बाल कविताको विश्लेषण १८१

४.३.२४ 'खित्खित् खित्का' बाल कविताको विश्लेषण १८३

४.४ सुनपङ्खी चरी बाल कविता सङ्ग्रहका बाल कविताहरूको विश्लेषण १८४

४.४.१ 'सानुभाइ' बाल कविताको विश्लेषण १८४

४.४.२ 'सानी बहिनी मैना' बाल कविताको विश्लेषण १८६

४.४.३ 'लोरी' बाल कविताको विश्लेषण १८८

४.४.४ 'प्रभाती' बाल कविताको विश्लेषण १८९

४.४.५ 'आए फुर्के फुर्की' बाल कविताको विश्लेषण १९१

४.४.६ 'के पीर पऱ्यो बोल् बोल् !' बाल कविताको विश्लेषण १९२

४.४.७ 'सुनपङ्खी चरी' बाल कविताको विश्लेषण १९४

४.४.८ 'सानु सानु रुख' बाल कविताको विश्लेषण १९५

४.४.९ 'हेर बाच्छी हाम्री' बाल कविताको विश्लेषण १९६
४.४.१० 'हेर्दाहेर्दै ढुङ्गो' बाल कविताको विश्लेषण १९७
४.४.११ 'लुकामारी' बाल कविताको विश्लेषण १९८



४.४.१२ 'सक्छु म पनि' बाल कविताको विश्लेषण १९९
४.४.१३ 'लुली लुली पाखुरी' बाल कविताको विश्लेषण २००
४.४.१४ 'बा“ डीचु“ डी खाने हो' बाल कविताको विश्लेषण २०१
४.४.१५ 'घिउ कमिला' बाल कविताको विश्लेषण २०३
४.४.१६ 'घनौटी' बाल कविताको विश्लेषण २०४
४.४.१७ 'हाम्री बहिनी टुल्की' बाल कविताको विश्लेषण २०५
४.४.१८ 'गुनुगुनु माहुरी' बाल कविताको विश्लेषण २०६
४.४.१९ 'आभ्भुइ, आभ्भुइ आभ्भुइ' बाल कविताको विश्लेषण २०८
४.४.२० 'घामका छोराछोरी' बाल कविताको विश्लेषण २०९
४.४.२१ 'लहै खेली खेली' बाल कविताको विश्लेषण २१०
४.४.२२ 'सिपालु हो माकुरो' बाल कविताको विश्लेषण २११
४.४.२३ 'भुक्के कुकुर' बाल कविताको विश्लेषण २१२
४.४.२४ 'बुख्याचा' बाल कविताको विश्लेषण २१३
४.४.२५ 'भोलि पर्सि' बाल कविताको विश्लेषण २१५
४.४.२६ 'कति ठूलो संसार' बाल कविताको विश्लेषण २१६
४.४.२७ 'घामछाया' बाल कविताको विश्लेषण २१७
४.४.२८ 'रूपैरूपको पन्छी' बाल कविताको विश्लेषण २१८
४.४.२९ 'तारा पनि सुन्छ रे !' बाल कविताको विश्लेषण २१९
४.४.३० 'आ“ खाका नानी' बाल कविताको विश्लेषण २२०
४.५ बिजुले र बिजुला बाल कविता सङ्ग्रहका कविताहरूको विश्लेषण २२०
४.५.१ 'चन्द्रसूर्य झण्डा हेर फरर !' बाल कविताको विश्लेषण २२१
४.५.२ 'फोनमा बोल्ने म हो' बाल कविताको विश्लेषण २२३
४.५.३ 'के हो त्यसको नाउ“ ?' बाल कविताको विश्लेषण २२४
४.५.४ 'चुरिच्याउ“ चुइ“ त्त' बाल कविताको विश्लेषण २२५
४.५.५ 'बात मारौं' बाल कविताको विश्लेषण २२६
४.५.६ 'बालमेला' बाल कविताको विश्लेषण २२७
४.५.७ 'अनिकाल' बाल कविताको विश्लेषण २२८
४.५.८ 'जाल गर्‍यो जुत्ताले' बाल कविताको विश्लेषण २३०
४.५.९ 'चङ्खे जुरेली' बाल कविताको विश्लेषण २३१

| | | |
|---|---|---|
| | ४.५.१० 'फूलैफुलको तरेली' बाल कविताको विश्लेषण | २३३ |
| | ४.५.११ 'थैलो र थैली' बाल कविताको विश्लेषण | २३४ |
| | ४.५.१२ 'पैले होमवर्क' बाल कविताको विश्लेषण | २३५ |
| | ४.५.१३ 'लाग्यो तिहार' बाल कविताको विश्लेषण | २३६ |
| | ४.५.१४ 'बिजुले र बिजुला' बाल कविताको विश्लेषण | २३७ |
| | ४.५.१५ 'लाटो साथी' बाल कविताको विश्लेषण | २३८ |
| | ४.५.१६ 'कमिला र मनुवा' बाल कविताको विश्लेषण | २३९ |
| | ४.५.१७ 'केरा' बाल कविताको विश्लेषण | २४१ |
| | ४.५.१८ 'सारङ्गीमा राइ“ -राइ“ ' बाल कविताको विश्लेषण | २४२ |
| | ४.५.१९ 'वृन्दावनमा कामधेनु गाई' बाल कविताको विश्लेषण | २४३ |
| | ४.५.२० 'के हो ?' बाल कविताको विश्लेषण | २४४ |
| | ४.५.२१ 'आयो आयो भुइ“ चालो' बाल कविताको विश्लेषण | २४५ |
| | ४.५.२२ 'अचम्मको घोडा' बाल कविताको विश्लेषण | २४६ |
| | ४.५.२३ 'हैन, त्यस्तो के छ र ?' बाल कविताको विश्लेषण | २४७ |
| | ४.५.२४ 'बिरामी छोरीको रहर' बाल कविताको विश्लेषण | २४८ |
| | ४.५.२५ 'मितेरीको गीत' बाल कविताको विश्लेषण | २४९ |
| | ४.५.२६ 'हुलाकी हुलाकी' बाल कविताको विश्लेषण | २५० |
| | ४.५.२७ 'म्याउ“ बिरालो' बाल कविताको विश्लेषण | २५१ |
| | ४.५.२८ 'खेलौना सित खेल्दै' बाल कविताको विश्लेषण | २५२ |
| | ४.५.२९ 'पम्फा मैयाँको कथा' बाल कविताको विश्लेषण | २५४ |
| | ४.५.३० 'बा“ दरको बेहोर' बाल कविताको विश्लेषण | २५६ |
| | ४.५.३१ 'त्यहा“ ज्योति बल्यो' बाल कविताको विश्लेषण | २५८ |
| | ४.५.३२ 'बाह्रमासा' बाल कविताको विश्लेषण | २६० |
| | ४.५.३३ 'कलाकार अरनिको' बाल कविताको विश्लेषण | २६२ |
| | ४.५.३४ 'सुकुन्दा' बाल कविताको विश्लेषण | २६४ |
| ४.६ | फुटकर कविताको विश्लेषण | २६५ |
| | ४.६.१ 'राहुल यशोधरा' बाल कविताको विश्लेषण | २६५ |
| | ४.६.२ 'बाललीला' फुटकर बाल कवितासङ्ग्रहका बाल कविताहरूको विश्लेषण | २६६ |
| | ४.६.२.१ 'कान्छी औंलाले' बाल कविताको विश्लेषण | २६७ |
| | ४.६.२.२ 'बाललीला' बाल कविताको विश्लेषण | २६८ |
| ४.७ | निष्कर्ष | २७० |

## परिच्छेद : पाँच

# माधव घिमिरेका बाल कविताका प्रवृत्तिको निरूपण


| | | |
|---|---|---|
| ५.१ | उत्प्रेरणा स्रोत | २७२ |
| ५.२ | धारागत प्रवृत्ति | २७६ |
| ५.३ | विषयवस्तुगत विविधता | २८२ |
| ५.४ | उक्तिढा" चागत विविधता | २९४ |
| ५.५ | लयढा" चागत प्रवृत्ति | ३०१ |
| | ५.५.१ शास्त्रीय छन्दढा" चाको प्रयोग | ३०१ |
| | ५.५.२ नेपाली लोक लयढा" चाको प्रयोग | ३०४ |
| ५.६ | उद्देश्यमूलकता | ३१० |
| ५.७ | भावविधान | ३१९ |
| ५.८ | भाषाशैली | ३२४ |
| ५.९ | अलङ्कार प्रयोग | ३२९ |
| ५.१० | निष्कर्ष | ३३३ |


त

## परिच्छेद छ

# सारांश तथा निष्कर्ष


| | | |
|---|---|---|
| ६.१ | सारांश | ३३५ |
| ६.२ | निष्कर्ष | ३३८ |
| ६.३ | साधारणीकृत निष्कर्ष | ३४५ |
| ६.४ | भावी शोधकार्यका निम्ति सम्भाव्य शीर्षक | ३४६ |
| परिशिष्ट | | ३४७ |
| सन्दर्भ सूची | | ३५२ |